# स्थानीय राजपत्र

कालिञ्चोक गाउँपालिका, दोलखाद्वारा प्रकाशित

| खण्ड २ | सङ्ख्या १० | मितिः २०७५/०६/०४ |
|---|---|---|


**भाग २**

**कालिञ्चोक गाउँपालिका**

नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको कार्यविधि सङ्ख्या १०

# "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषज्ञताहरूलाई अक्षुण्ण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता, विश्वसनीयता तथा भेदभावरहित प्रतिस्पर्धा तथा स्रोत

साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरू हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिमका विषय क्षेत्रलाई कार्यान्वयन गर्नको लागि सोही ऐनको दफा १०२ बमोजिम कालिञ्चोक गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्चेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम, क्षेत्र र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५” रहेको छ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “इजाजतपत्र” भन्नाले यो कार्यविधि बमोजिम प्राप्त “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्झनुपर्दछ ।

(ख) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने अधिकृतलाई सम्झनुपर्दछ ।

(ग) “गाउँपालिका” भन्नाले कालिञ्चोक गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ) “निर्माण व्यवसायी” भन्नाले “घ” वर्गको निर्माण व्यवसायीलाई सम्झनुपर्दछ ।

## परिच्चेद २

## इजाजतपत्र सम्बन्धी कार्यविधि

३. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य वा व्यवसाय गर्न गराउन हुँदैन।

४. **नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि प्रमुख प्रशासकीय अधिकृतसमक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएका दरखास्तहरूउपर प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा देहायको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

क. गाउँपालिकाको कार्यालयको प्राविधिक शाखा प्रमुख - संयोजक

ख. गाउँपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

ग. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान सम्बन्धी कार्य गर्ने शाखा वा इजाजतपत्र प्रदान गर्न कार्य जिम्मेवारी तोकिएको शाखा प्रमुख - सदस्य-सचिव

(३) दफा ४ को उपदफा (१) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजत प्रदान गर्ने निर्णयको लागि कार्य समितिको वैठकमा पेस गर्नुपर्नेछ ।

(४) उपनियम (२) बमोजिम समितिको सिफारिससहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म वा कम्पनीलाई प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-२ बमोजिमको दस्तुर लिई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**५. इजाजतपत्रको अवधि र नवीकरण :**

(१) नियम ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र नियम ६ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरिसकेको प्रमाणस्वरुप सम्बन्धित सङ्घीय, प्रदेश र स्थानीय कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरणसहित गाउँपालिकाबाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनुपर्नेछ । इजाजतपत्र नवीकरण गर्न गाउँपालिकामा कागजात पेस गर्दा अनुसूची-४ बमोजिमको विवरण भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफूले गरेको कार्यहरूको अद्यावधिक

विवरण समेत पेस गर्नुपर्नेछ । यसरी अनुसूची-४ बमोजिमको विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नवीकरण गर्न बाध्य हुनेछैन ।

(३) उपनियम (२) बमोजिमको म्याद नाघेको ६ (छ) महिनाभित्र सबै प्रकृया पूरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गर्नेछ ।

**६. इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्टा विवरण पेस गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा सङ्गठित संस्थामा झुट्टा विवरण पेस गरको सम्बन्धित निकायबाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लङ्घन भएको सम्बन्धित निकायबाट लेखी आएमा ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र खारेज गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेस गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) नियम ५ को उपनियम (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपनियम (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**६. इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनुपर्नेछ ।

**७. प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**८. बचाउ :**

यो कार्यविधि जारी हुनुपूर्व प्रचलित कानून बमोजिम दर्ता भएका वा इजाजत प्राप्त गरेका “घ” वर्गको निर्माण व्यवसायी फर्म तथा कम्पनीहरूलाई दिइएको इजाजतपत्रहरू यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

# अनुसूची - १

(कार्यविधिका नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

## इजाजतपत्रको लागि दिइने दरखास्तको ढाँचा

**विषय : इजाजतपत्र पाउँ भन्ने बारे ।**

| दरखास्तवालाको फोटो |
|---|

श्री प्रमुख प्रशासकीय अधिकृत

गाउँकार्यपालिकाको कार्यालय,

कालिञ्चोक गाउँपालिका,

सुनखानी, दोलखा ।

उपर्युक्त विषयमा यस गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी नियमावली, २०७५ को नियम ३ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र पाउनको लागि निम्नानुसारको विवरण भरी एवं देहायका कागजात समेत संलग्न गरी यो दरखास्त पेस गरेको व्यहोरा अनुरोध गर्दछु ।

१. दरखास्त पेस गर्ने फर्म वा कम्पनीको :-

नाम :- मोबाइल नं.

टेलिफोन नं. :- ठेगाना :-

फ्याक्स नं.:- पोष्ट बक्स नं. :-

ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति :-

प्राइभेट लिमिटेड कम्पनी ( )     पब्लिक लिमिटेड कम्पनी ( )

एकलौटी ( )     साझेदारी ( )

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :-

नाम थर :-     मोबाइल नं.     फ्याक्स नं.:-

ठेगाना :-     पोष्ट बक्स नं.:-

टेलिफोन नं. :-     ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

नाम :-     अधिकृत पुँजी :-

दर्ता नं. :-     जारी पुँजी :-

दर्ता मिति :-

५. दर्ता गर्ने फर्म वा कम्पनीको नाम र कार्यालयको ठेगाना :-

६. इजाजतपत्र लिन चाहेको वर्ग :- "घ" वर्ग

७. आर्थिक स्रोतको विवरण :-

| **खाताको प्रकृति** | **रकम** | **वित्तीय संस्था/बैङ्कको नाम** |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| वचत खाता | | |

(उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेस गर्न सकिनेछ ।)

८. कर्मचारी तथा कामदारको विवरण :-

(क) प्राविधिक कर्मचारीको सङ्ख्या, नाम र पदः-

(प्राविधिक कर्मचारीको प्रमाणपत्रको प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेस गर्नुपर्नेछ ।)

(ख) अप्राविधिक कर्मचारीको सङ्ख्या, नाम र पदः- :-

(ग) कामदारको सङ्ख्या :-

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन तथा मेसिनरी औजारको विवरण :-

| सि. नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता सङ्ख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेसिनरी औजारहरूको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेसिनरी

औजारहरू चालु हालतमा रहेको छ भनी नेपाल इन्जिनियरिङ काउन्सिलबाट काउन्सिल नं. प्राप्त मेकानिकल इन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि. नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था प्रगति (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. संलग्न प्रमाण कागजातहरू :-

क. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

ख. मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

ग. कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

घ. सञ्चालकहरूको नागरिकताको प्रमाणित प्रतिलिपि

ङ. अनुसूची - ४ बमोजिमको प्रमाणित विवरण

च. अनुसूची - २ बमोजिमको दस्तुर बुझाएको सक्कल रसिद

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| निर्माण व्यवसायीको छाप |
|---|

दरखास्तवालाको :-

नाम :-

ठेगाना :-

दस्तखत :-

मिति :-

**द्रष्टव्य :** यस दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्ने सक्कल कागजात देखाउनु अनिवार्य हुनेछ ।

## अनुसूची - २

(कार्यविधिको नियम ४ को उपनियम (४) सँग सम्बन्धित)

| क्र. सं. | निर्माण व्यवसायीको वर्ग | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नवीकरण थप दस्तुर (चालु आ.व. भित्र) | नामसारी गर्नका लागि सिफारिस दस्तुर | इजाजतपत्र प्रतिलिपि दस्तुर | जरिवाना सहित नवीकरण हुने अधिकतम अवधि र थप दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | घ | रु. ५,०००। | रु. ३,०००। | रु ३,०००। | रु. ४,०००। | रु. १,०००। | २ वर्ष र रु १०,०००। |

**अनुसुची - ३**

**(कार्यविधिको नियम ४ को उपनियम (४) सँग सम्बन्धित)**

**कालिञ्चोक गाउँपालिका**

## गाउँकार्यपालिकाको कार्यालय

**सुनखानी, दोलखा**

### “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र

इजाजतपत्र नं..................... मिति :- .....................

“घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ को नियम बमोजिम निर्माण व्यवसाय गर्न .................................... स्थित कार्यालय भएको ................................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

इजाजतपत्र दिनेको:-

दस्तखत :-

नाम :-

पद :-

मिति :-

---

पाना २

नवीकरण भएको इजाजतप्राप्त “घ” वर्गको निर्माण व्यवसायी संस्थाको नाम

इजाजतपत्र नं.

| नवीकरण गर्ने अधिकारीको नाम | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर | भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची -४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र. सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | **Variation** को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नामः | क) थप समयः | क) Variation पछिको Contract Amount | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकमः | |
| | | | | | .................. | .................. | | .................. | .............. | ............... | |
| | | | | | ख) सम्झौता मितिः | ख) पदः | क) नामः | क) Variation को निर्णय गर्ने पदाधिकारीको नामः | ख) सम्पन्न मिति | ख) सम्पन्न मितिः | |
| | | | | | .................. | .................. | .................. | .................. | .............. | .............. | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पदः | ख) पदः | ग) सम्पन्न % | | |
| | | | | | .................. | .................. | .................. | .................. | .............. | | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नामः | घ) नामः | |
| | | | | | | .................. | .................. | .................. | .............. | .............. | |
| | | | | | | | घ) निर्णय मिति | घ) छाप | पदः | पदः | |
| | | | | | | | .................. | .................. | .............. | ............... | |
| | | | | | | | छाप | .................. | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | .................. | | .............. | .............. | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | .............. | ............... | |

## अनुसूची ५

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

### “घ” वगको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पुँजी देखाई प्रचलित कानून बमोजिम दर्ता गर्ने निकायमा दर्ता भएको हुनुपर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक कर्मचारी, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना कर्मचारीको सेवा पूरा समय प्राप्त हुने गरी जनशक्तिको व्यवस्था हुनुपर्नेछ ।

३. मेसिन र उपकरण :

(क) ट्रिपर /टयाक्टर ( एक/एक थान आफूसँग भएको वा भाडामा लिने गरी करार गरेको)

(ख) मिक्सर (एक थान) ( एक/एक थान आफूसँग भएको वा भाडामा लिने गरी करार गरेको)

(ग) Theodolite/Level Machine (एक सेट आफूसँग भएको वा भाडामा लिने गरी करार गरेको)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन) थान

द्रष्टव्य :

१. उपकरणको नामावली पेस गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बिमा गरेको कागजातहरू पेस गर्नुपर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरू ठिक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियरिङ काउन्सिलबाट काउन्सिल नम्बर प्राप्त मेकानिकल इन्जिनियरले प्रमाणित गरेको हुनुपर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरू दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइनेछैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पूरानो यन्त्र उपकरणहरू निर्माण व्यवसायीको स्तरबृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुनेछैन ।

**प्रमाणीकरण मिति : २०७५/०६/०४**

**आज्ञाले,**
**वालकृष्ण हुमागाई**
**प्रमुख प्रशासकीय अधिकृत**